अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१० मितिः२०८२/०१/३०

**भाग-२**

**बर्दगोरिया गाउँपालिका**

## दोदोधरा अस्पतालमा कार्यरत बिशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुको पारिश्रमिक लगायतका सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८१

आज्ञाले

विक्रम श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

**दोदोधरा अस्पतालमा कार्यरत बिशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुको पारिश्रमिक लगायतका सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८१**

**बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/०२**

**प्रथम पटक संसोधित मितिः२०८२/०१/२८**

बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडा, कैलाली सुदूरपश्चिम प्रदेश,नेपाल २०७३

**प्रस्तावनाः** बर्दगोरिया गाउँपालिका अन्तरगत संचालनमा रहेको १५ शैया दोदोधरा अस्पताल बाट यस बर्दगोरिया गाउँपालिका भरिका बासिन्दाहरुलाई घर आगनमै विशेषज्ञ सहितको चिकित्सकिय सेवा प्रदान गर्ने गाउँपालिकाको लक्ष्य अनुरुप तथा विशेषज्ञ सेवा लिनका लागि गाउँपालिका बाट अन्यत्र टाढा जानु पर्ने बाध्यता रहेकोमा यस कार्यालय बाट यस दोदोधरा अस्पतालमा अनिवार्य रुपमा विशेषज्ञ चिकित्सक तथा चिकित्सकको व्यवस्था गरिएको छ। तशर्थ उक्त अस्पतालमा कार्यरत चिकित्सकहरुको मनोबल उच्च राखी सरल,सहज तथा उत्कृष्ट सेवा र अस्पतालबाट प्रदान गरिने सेवाहरुमा कुनैपनि बाधा अड्चन नआओस भन्ने हेतुले निज कार्यरत चिकित्सकहरुलाई आवस्यक न्युनतम सेवा सुविधा प्रदान आवस्यक रहेकाले **स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा २** ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि जारी गरिएको छ .

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"दोदोधरा अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८१"** रहेको छ।

(२) यो कार्यविधि बर्दगोरिया गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"गाउँपालिका"** भन्नाले बर्दगोरिया गाउँपालिका कैलाली सम्झनु पर्छ।

(ख) **"अस्पताल"** भन्नाले यस गाउँपालिका बाट संचालित वडा न.१ स्थित १५ शैया दोदोधरा अस्पताल मुडा कैलालीलाई सम्झिनु पर्दछ।

(ख) **"विशेषज्ञ चिकित्सक"** भन्नाले भन्नाले चिकित्सा शास्त्रमा स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथिल्लो उपाधि प्राप्त गरि सम्बन्धि मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रुपमा दर्ता भई बर्दगोरिया गाउँपालिका अन्तरगतको दोदोधरा अस्पतलमा नवौं तहमा कार्यरत चिकित्सकलाई सम्झनु पर्छ।

(ग) **"चिकित्सक"** भन्नाले चिकित्सा शास्त्रमा स्नातक वा सो सरह उपाधि प्राप्त गरि सम्बन्धि मेडिकल काउन्सिलमा चिकित्सकको रुपमा दर्ता भई बर्दगोरिया गाउँपालिका अन्तरगतको दोदोधरा अस्पतलमा आठौ तहमा कार्यरत चिकित्सकलाई सम्झनु पर्छ।

२०८२/०१/२०

परिच्छेद-२

## विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुले पाउने सेवा सुविधा

बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडा, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७४

३. **लागु हुने निकाय:** यो कार्यविधि यस गाउँपालिका अन्तरगत संचालन रहेको १५ शैया दोदोधरा अस्पताल मुडा,कैलालीमा मात्र लागु हुनेछ।

४. **सेवा सुविधा उपलब्ध गराउने:**

(१) दफा (३) बमोजिमको अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुलाई मात्र यो सेवा सुविधा उपलब्ध गराईने छ।

❖ (२) उपदफा (१) बमोजिम विशेषज्ञ चिकित्सकलाई उपलब्ध गराउने सेवा सुविधाहरु **अनुसूची-१** बमोजिम र चिकित्सकहरुलाई उपलब्ध गराउने सेवासुविधा **अनुसुचि-२** बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमका सेवा सुविधा उपलब्ध गराउदा विशेषज्ञ चिकित्सक(नवौ तह) तथा चिकित्सकहरु(आठौ तह) अस्पतालमा हाजिर भई डिउटी रोस्टर अनुसार महिनामा ३० दिन रुजु हाजिरका आधारमा सेवा,सुविधा उपलब्ध गराईनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजिम कम्तिमा २६ कार्य दिन भन्दा कम रुजु हाजिर भएमा उपदफा (२) बमोजिमका सेवा सुविधा बाफतको रकम उपलब्ध गराईने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको स्वीकृति लीई चिकित्सक बिदा तथा तालिममा गएको अवधिमा उक्त अवधिको सेवा सुविधा दिन कुनै वाधा पर्ने छैन।

❖ ५. **सेवा सुविधा वाफतको रकम भुक्तानी प्रक्रिया :** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने सेवा सुविधा वाफतको रकम मासिक रुपमा दोदोधरा अस्पाताल संचालन तथा ब्यबस्थापन समितिको आम्दानि तथा **बर्दगोरिया गाउँपालिका** बाट प्रमाणित कागजातका आधारमा सम्बन्धित व्यक्तिलाई भुक्तानी दिइने छ।

६. **दोहोरो पर्ने गरि भुक्तानी दिन/लिन नहुने:** (१) यस कार्यविधि अन्तर्गत प्रदान गरिने सेवा सुविधा बाहेक अन्य कुनै पनि सेवा सुविधा (भत्ता) यस गाउँपालिका तथा अस्पताल बाट प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुलाई कुनै पनि शिविर,कार्यक्रम,तालिम,प्रशिक्षक तथा भ्रमणमा जानु परेमा नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराउन बाधा पुग्ने छैन।

७. **विदा :** (१) अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुको विदा निजहरुको गाउँपालिकाले गरेको सम्झौता बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले अस्पतालको कार्यबोझ हेरी अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुलाई जुनसुकै बेला पनि काम गर्न खटाउन सक्नेछ।

परिच्छेद-३

## ब्यबसाय तथा निजि अभ्यास गर्न नहुने

८. **ब्यबसाय तथा निजि अभ्यास गर्न नहुने:** (१) यस गाउँपालिका अन्तर्गतको दोदोधरा अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुले अन्य कुनै पनि सरकारी,गैरसरकारी,निजि,सामुदायिक स्वास्थ्य संस्था तथा विद्यालय,कलेजहरुमा काम गर्न,ब्यबसाय संचालन तथा साझेदारी वा निजि अभ्यास गर्न पाउने छैन।

(२) दफा (८) को उपदफा १ बमोजिम कार्य गरेको पाईएमा यस कार्यविधि अन्तर्गत प्रदान गरिने कुनैपनि सेवासुविधा उपलब्ध गराइने छैन।

२०८२/०९/२०

❖ प्रथम संसोधन द्वारा संसोधित तथा थप।

परिच्छेद-४

विविध

बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

९. **अनुगमन:** (१) यस कार्यविधि बमोजिभ तोकिए बमोजिमको काम भए नभएको सम्बन्धमा गाउँपालिका बाट अनुगमन गर्नु पर्नेछ |

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि यस कार्यविधी बमोजिम भए नभएको सम्बन्धमा सम्पूर्ण कागजातको अभिलेख चुस्त दुरुस्त राख्ने जिम्वेवारी अस्पताल प्रशासनको हुनेछ |

१०. **कार्यविधि विपरित काम गरेमा हुने कारवाही :** (१) यस कार्यविधि विपरित कार्य गरेको पाइएमा सम्बन्धित चिकित्सकलाई आवस्यक कारवाहीका लागि सम्बन्धित काउन्सिलमा लेखि पठाईने छ।

(२) झुट्टा वा नक्कली कागजात पेश गरि यस कार्यविधि अन्तर्गतका सेवा सुविधा लिएको पाईएमा सरकारी कानुन सरह असुल उपर गरिनेछ | र कारवाहीका लागि कार्यालय प्रमुखलाई प्रचलित कानुन बमोजिम कारवाहीका लागि लेखि पठाईने छ।

(३) यस दफा बमोजिम कारवाही गर्नु पुर्व बढीमा १५ दिन भित्र पेश गर्ने गरि सफाइको मौका प्रदान गरिने छ |

११. **काम गर्नु पर्ने समय :** (१) यस कार्यविधि बमोजिम अस्पताल बाट प्रदान गरिने चिकित्सकीय सेवाको सम्पूर्ण जिम्मेवारी रहनेछ | अतः अस्पतालमा कार्यरत मौजुदा चिकित्सकहरुले नै २४ घण्टा चिकित्सकीय सेवा उपलब्ध गराउनु पर्नेछ |

(२) उपदफा (१) बमोजिम अस्पतालमा चिकित्सकहरुको संख्या कम भएको खण्डमा तथा मौजुदा चिकित्सकहरुबाट सेवा उपलब्ध गराउनु पर्ने अवस्थामा चिकित्सकहरुलाई अस्पतालको आवस्यकता अनुसार चिकित्सकको डिउटी समय थप गरि काममा लगाउन सकिनेछ |

११. **कार्यविधि/अनुसूची थपघट तथा हेरफेर:** बर्दगोरिया गाउँपालिकाले यस कार्यविधिलाई आवस्यकता अनुसार हेरफेर तथा अनुसूचिमा थपघट गर्न सक्नेछ |

१०. **आवश्यक ब्यबस्था मिलाउने:** यो कार्यविधि कार्यान्वयनको चरणमा कुनै वाधा/ब्यबधान आएमा गाउँपालिकाले कार्यान्वयनमा आवस्यक ब्यबस्था मिलाउने छ |

२०८२/०१/२०

आज्ञाले

विक्रम श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- १

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

**अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक (नवौ तह) को सेवा सुबिधाको किसिम/दर**

| क्र.स. | सेवा सुविधाको विवरण | दर निर्धारण | कार्य दिन |
|---|---|---|---|
| १ | प्रोत्साहन तथा जोखिम भत्ता | सुरु तलबको दूईसय प्रतिशत | ३० |
| २ | विशेषज्ञ भत्ता | सुरु तलबको शत प्रतिशत | ३० |
| ३ | Non-Practice भत्ता | सुरु तलबको शत प्रतिशत | ३० |
| ४ | On Call Duty (Night/ER) भत्ता | सुरु तलबको शत प्रतिशत | ३० |
| ५ | ER, IPD, POW Round भत्ता | सुरु तलबको ८० प्रतिशत | ३० |
| ६ | USG, ECG, X- ray र अन्य जांच भत्ता | सुरु तलबको ९० प्रतिशत | ३० |
| ७ | Minor/Major OT भत्ता | सुरु तलबको शत प्रतिशत | ३० |
| ८ | खाद्य,पानि तथा पत्रपत्रिका खर्च | सुरु तलबको ३० प्रतिशत | ३० |
| ९ | मासिक संचार भत्ता | सरु तलबको ३ प्रतिशत | ३० |

:- माथि उल्लेखित सेवासुविधाको रकम मासिक रुपमा प्रदान गरिनेछ ।

2082/09/20

## ❖ अनुसूची- २

### (दफा ४ को उपदफा (२) संग सम्बन्धित)

### अस्पतालमा कार्यरत चिकित्सक (आठौ तह)को सेवा सुबिधाको किसिम/दर

| क्र.स. | विवरण | दर निर्धारण | कार्य दिन | कैफियत |
|---|---|---|---|---|
| १ | प्रोत्साहन तथा जोखिम भत्ता | सुरु तलबको पचास प्रतिशत | ३० | |
| २ | On Call Duty (Night/ER/IPD) भत्ता | सुरु तलबको १ दिन बराबरको रकम | ३० | |
| ४ | USG (भिडियो एक्सरे) | प्रति केश २५ प्रतिशत | ३० | |
| ५ | Others Procedure सबै | प्रतिकेश २५ प्रतिशत | ३० | |

- माथि उल्लेखित सेवासुविधाको रकम मासिक रुपमा प्रदान गरिनेछ।
- On Call Duty (Night/ER/IPD/OPD) २४ घण्टा हुने छ।
- On Call Duty (Night/ER/IPD) भत्ता/USG/Others Producer भत्ताका लागि अस्पतालबाट प्रमाणित कागजातका आधारमा भुक्तानी गरिनेछ। र नियमानुसार करकट्टी हुनेछ।

बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुडा, कैलाली
७ नं. प्रदेश, नेपाल
२०७३

२०८२/०१/२०

❖ प्रथम संसोधन द्वारा संसोधित तथा थप।

बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अनुसूची- ३

**(दफा ८ को उपदफा (१) संग सम्बन्धित)**

स्व:घोषणा फारम

म यस बर्दगोरिया गाउँपालिका अन्तरगत रहेको दोदोधरा अस्पताल मुडा कैलालीमा कार्यरत डा.श्री ..................................................................ले यस अस्पतालमा रही सेवा प्रदान गरुन्जेल कुनै पनि प्रकारको सरकारी,गैरसरकारी,निजि,सामुदायिक स्वास्थ्य संस्था तथा विद्यालय,कलेजहरुमा काम गर्न,ब्यबसाय संचालन तथा साझेदारी वा निजि अभ्यास समेत गर्ने छैन यदि गरेको पाईएमा **"दोदोधरा अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८१"** ले तोके बमोजिमको कुनै पनि सेवा सुविधा लिन योग्य हुने छैन | यस सुविधा लिएको पाईएमा प्रचलित कानुन बमोजिम सजाय भोग्ने र लिएको सुविधा फिर्ता गर्नेछु भनि स्वयं घोषणा गर्दछु |

**पुनश्च "दोदोधरा अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक तथा चिकित्सकहरुको सेवा सुविधा सम्बन्धि कार्यविधि,२०८१" अंनुसार** बरदगोरिया गाउँपालिका तथा अस्पतालले खटाएको जुनसुकै समयमा चिकित्सकीय सेवा प्रदान गर्न उपस्थित हुने व्यहोरा पनि स्वघोषणा सहित सहर्ष जानकारी गराउछु |

चिकित्सकको हस्ताक्षर :

चिकित्सकको नाम थर :

पद :

तह :

नेपाल मेडिकल काउन्सिल न.:

मिति :

२०८२/०७/२०